# इलाम नगरपालिका
# स्थानीय राजपत्र

**खण्ड : ८** **सङ्ख्या : २** **मिति : २०८१।३।७**

**भाग २**

**इलाम नगरपालिकाको कार्यपालिका बैठकबाट पारित इलाम नगरपालिका, कृषि उपज बजारीकरण नीति तथा योजना, २०८१ सर्वसाधारण सबैको जानकारीको लागि प्रकाशित गरिएको छ।**

## कृषि उपज बजारीकरण नीति तथा योजना, २०८१

**कार्यपालिकाबाट स्वीकृत मिति : २०८१।३।७**
**प्रमाणीकरण मिति : २०८१।३।७**

**<u>नगरपालिकाको परिचयः</u>**

समशितोष्ण हावापानी, पहाडी भूभाग, महाभारत पर्वत श्रृङ्खलामा अवस्थित इलाम नगरपालिका इलाम जिल्लाको सदरमुकाम हो । इलामको नामाकरणका सम्बन्धमा विभिन्न किम्वदन्तीहरू छन् । प्राचीन समयमा लिम्बु जातिहरुको बाहुल्यता रहेकोले लिम्बु भाषामा इ र लाम दुई शब्दको अर्थ क्रमशः घुमाउरो र बाटोबाट इलाम नामाकरण भएको एउटा मत पाइन्छ भने अर्को लाप्चा भाषाबाट इ भनेको पुत्का (एक प्रकारको मौरी) र लोम भनेको बासस्थान हुने भएकोले इलाम नाम रहेको पाइन्छ । यसैगरी श्रीमद्भागवतको नवौ स्कन्धमा वर्णन भए अनुसार प्राचीन समयमा इला भन्ने राजाले यस क्षेत्रमा राज्य गरेकाले उनकै नामबाट इलाम नाम रहन गएको भनाइ पाइन्छ ।

साविक इलाम नगरपालिका (हाल इलाम नगरपालिका वार्ड नं. ६,७,८,९) को अवस्थिति : अक्षांश:२६ डिग्री ५४ मिनट ० सेकेण्ड उत्तर, देशान्तर, ८६ डिग्री ५६ मिनेट २५ सेकेण्ड पूर्व देशान्तर) रहेको थियो भने भौगोलिक हिसाबले ८७° ५३' ३०'' देखि ८७° ५७' ४६'' पूर्वी देशान्तर र २६° ५१' ५८'' देखि २६° ५६' ४६'' उत्तरी अक्षांशमा अवस्थित पुनसंरचित वर्तमान इलाम नगरपालिकाको कुल क्षेत्रफल १७३.३५ वर्ग कि.मि. रहेको छ । वर्तमान इलाम नगरपालिकाको चारकिल्ला पूर्वमा माईजोगमाई गाउँपालिका र सूर्योदय नगरपालिका, पश्चिममा देउमाई नगरपालिका, उत्तरमा पाँचथर जिल्ला र सन्दकपुर गाउँपालिका, दक्षिणमा माई र सूर्योदय नगरपालिका रहेको छ । यस नगरपालिकाको केन्द्र इलाम नगरपालिका वार्ड नं. ७ को भानुपथमा रहेको छ । संघीय निर्वाचनको क्षेत्र नं २ मा पर्ने यो इलाम नगरपालिका प्रदेश निर्वाचनको २ क क्षेत्रमा पर्दछ । वडा नं. १० भने प्रदेश निर्वाचनको १क क्षेत्रमा पर्दछ ।

इलाम नगरपालिकाको मुख्य क्षेत्र, इलाम बजार सन् १८१८ (१८७५ वि.स.) मा इलाम गौंडाको मुख्यालयको रूपमा स्थापना भएको हो । उक्त समयमा यसलाई खलङ्गा भनिन्थ्यो । नेपाल भारत बिच सम्पन्न सुगौली सन्धिपश्चात नागरीगढीमा रहेको नेपालको प्रशासन बन्दोबस्ती इलामको करफोक र करफोकपछि नामसालिङ्ग हुँदै इलाम डाँडामा सारिएको हो । सो पश्चात यस क्षेत्रमा बस्ती बढेको र तत्कालमा यहाँ सैनिक शिविर, प्रशासनिक भवन निर्माण तथा अन्य आवश्यक भौतिक संरचनाहरूको स्थापना भएको पाइन्छ । वि.सं १९२० मा बडाहाकिम गजराजसिंह थापाले इलाममा चिया बगान र बि.सं १९३५ मा चिया कारखानाको स्थापना गरेका हुन । यस कारण हालको इलाम नगरपालिका पूर्वको महत्वपूर्ण व्यापारिक क्षेत्र बन्न पुगेको पाइन्छ ।

सन् १९५८ (वि.स. २०१५) मा नेपाल सरकारले इलामलाई नगरपालिका घोषणा गर्‍यो र सन् १९८९ (वि.सं. २०१६) मा पदम बहादुर देवान पहिलो चेयरम्यान हुनु भयो । पञ्चायती व्यवस्था लागु भए पश्चात सन् १९६० मा इलाम नगरपालिकाको नाम परिवर्तन गरी इलाम नगर पञ्चायत कायम गरियो र सन् १९६२ मा यसलाई ९ वडामा विभाजन गरियो । सन् १९९० मा प्रजातन्त्रको पूर्नस्थापना पश्चात यसको नाम पुनः इलाम नगरपालिका नै कायम गरियो । २७ वर्ग कि. मी. क्षेत्रफल ओगटेको इलाम बजारलाई ९ वटा वडामा विभाजन गरियो । राज्य पुनरसंरचनाअन्तर्गत २०७३ मा इलाम नगरपालिकाको क्षेत्र विस्तार गरी साविकको २७ वर्ग कि.मि. क्षेत्रफलबाट १७३.३५ वर्ग कि.मि. क्षेत्रफल भएको छ भने वडा संख्या १२ भएको छ । यस अनुसार साविकका साँखेजुङ्ग, पुवामझुवा, बरबोटे, माइपोखरीको वार्ड नं. १,२,३ गोदक, साङ्गरुम्वा, सोयाक र सिद्धिथुम्काको ७ नं. वडा इलाम नगरपालिकामा समायोजन भएका छन् ।

सामाजिक आर्थिक, साँस्कृतिक र मनोरञ्जनको हिसाबले इलाम नगरपालिका विशिष्ट र महत्वपूर्ण छ । यस क्षेत्रमा भिन्न समुदाय तथा मानव सँस्कृति समावेश छ । यहाँका वासिन्दाको मुख्य धर्म हिन्दु र बौद्ध हो । प्राचीन भिरालो पहाडी भूबनावट, मनोरम चिया बगान, हिमाली झरनाहरू, प्राकृतिक घना जंगल, प्रसिद्ध धार्मिक स्थल तथा अदभूत सँस्कृति रहेको छ । इलामको संस्कृति र प्रकृति पर्यटनको लागि अवसरको रुपमा रहेको पाइन्छ । १३५ हेक्टर जमिन ओगटेको नेपालको सबै भन्दा पुरानो चियाबगान पनि यही रहेको छ ।भूबनौटको आधारमा यो समशितोष्ण प्रदेशमा पर्दछ र बाह्रै महिना यहाँको मौसम सदावहार रहन्छ । जैविक विविधताले भरिपूर्ण यो नगरपालिका, समुद्र सतहबाट न्यूनतम ३१० मिटरदेखि ३,०४६ मिटरसम्म फैलिएको छ । इलाम नगरलाई नेपाल सरकारले हरितनगरको रुपमा घोषणा गरेको छ । इलाम एउटा पर्यटकीय नगरको रुपमा विकास भएर गइरहेको अवस्था छ । यसमा कृषि पर्यटनको भूमिका महत्वपूर्ण रहने देखिन्छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारीलाई नगरपालिकाको कार्य क्षेत्रमा राखिएको छ । इलाम नगरको कुल क्षेत्रफलको ३८.५३ प्रतिशत क्षेत्र कृषि क्षेत्र र ५५.६४ प्रतिशत वन क्षेत्रले ओगटेको यस नगरपालिकामा ७० प्रतिशत भन्दा बढी जनसंख्या कृषि क्षेत्रमा आश्रित रहेका छन् । हाल इलाम नगरमा कृषि विषयको अध्ययन अध्यापनको लागि स्नातक तहको कृषि क्याम्पस रहेको छ, महेन्द्ररत्न बहुमुखी क्याम्पस इलाममा स्नातक तहको हर्टिकल्चर पढाइ हुन्छ र रत्नकुमार बान्तवा प्राविधिक शिक्षालयले छोटो तथा मध्यम अवधिको कृषि र पशुपंक्षी पालनसँग सम्बन्धित विभिन्न कोर्सहरुको अध्यापन गराई रहेको छ । इलाम सदरमुकाममा कृषिज्ञान केन्द्र र पशु विज्ञ केन्द्रले सेवा दिइरहेका छन । इलाम नगरपालिकामा मिनी माटो परीक्षण प्रयोगशाला सञ्चालित छ । २००० मेट्रिक टन क्षमताको नेपाल भारत मैत्री शीतभण्डार निर्माण भएको छ तर उद्देश्य अनुरुप सञ्चालन हुन सकेको छैन । कृषि उपजहरुको बेचबिखनका लागि सदरमुकाम कृषि तथा पशु बजारको व्यवस्था छ भने वडा वडामा संकलन केन्द्र केन्द्रहरु रहेका छन् ।

यसैले इलाम नगरपालिकाले आफ्नो विकास कार्यक्रममा कृषिलाई पहिलो प्राथमिकतामा राखेको छ र वार्षिक रुपमा स्रोत साधनको उपलब्धता अनुसार कार्यान्वयन गर्नका लागि अनुसूची १ अनुसारको कृषि विकास कार्यक्रम र दुग्धजन्य उत्पादनको बजारीकरणका लागि अनुसूची २ अनुसारको कार्ययोजना र आवधिक विकास योजना, २०७९ तयार गरेको छ, अनुसूची ३ मा आवधिक विकास योजना २०७९ को परिच्छेद ४ कृषि तथा पशुपंक्षीका विषयवस्तुलाई राखिएको छ । चिया, अलैंची, अदुवा, अम्रिसो, किवी, सुन्तला, मटर तथा केराउ, स्कुस, जडिबुटी, अचार, गुन्द्रुक लगायतका नगदे बालीहरु र पशुपालन क्षेत्रबाट दूध तथा दुग्धजन्य उत्पादनहरुको निकासी इलाम नगरबाट भइरहेको छ । हालै काठमाडौं तथा पोखराका कृषि उपज बिक्री केन्द्रहरुसँग पनि नगरपालिकाको समन्वय तथा सम्पर्क बढेको अवस्था छ ।

## कृषि उपज बजारीकरणको आवश्यकता

निर्वाहमुखी कृषि प्रणालीलाई बजारमुखी, प्रतिस्पर्धी र व्यावसायिक कृषि प्रणालीको रुपमा विकास गरी कृषि उपजको बिक्री वितरणलाई व्यवस्थित बजार प्रणालीबाट उपभोक्तासम्म सरल र उचित मूल्यमा पुऱ्याउन नेपाल सरकारबाट विगतदेखि प्रयास हुँदै आएको छ । सन् २००४ देखि नेपाल विश्व व्यापार संगठनको पूर्ण सदस्य बनिसकेको परिप्रेक्ष्यमा गुणस्तरीय एवम् प्रतिस्पर्धी कृषि उपजको उत्पादन गरी वस्तुको अन्तर्राष्ट्रिय बजारमा समेत निर्यात पहुँच र प्रवर्धनमा थप जिम्मेवारी आएको छ । सरकारी तथा निजी क्षेत्र समेतको सहभागितामा कृषिजन्य वस्तुहरुमा आधारित उद्योग एवम् व्यवसायको प्रवर्धन, आन्तरिक बजार विकास र निर्यात प्रवर्धन गर्नु बजार विकासको मुख्य दायित्व हुन आउँछ । कृषि व्यवसाय प्रवर्धनलाई थप व्यवस्थित गरी बजार विकासमा महत्वपूर्ण योगदान पुऱ्याउन नेपाल सरकारबाट कृषि नीति, २०६१ र कृषि व्यवसाय प्रवर्धन नीति, २०६३ जारी भएको छ ।

नेपाल विश्व व्यापार संगठनको सदस्य बनिसकेको वर्तमान सन्दर्भमा गुणस्तरीय एवम् प्रतिस्पर्धी कृषि उपजको उत्पादन गरी वस्तुको राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय बजारमा समेत निर्यात पहुँच र निर्यात प्रवर्धनमा थप योगदान पुऱ्याउन आवश्यक छ । निर्वाहमुखी तथा छरिएर रहेको कृषि उत्पादन प्रणालीलाई आधुनिक, सघन, प्रतिस्पर्धी र व्यवसायीमुखी बनाउन अत्यन्त आवश्यक भएको छ । कृषिजन्य वस्तुहरुले सुनिश्चित बजार पाउन नसक्नाले कृषि उत्पादन र उत्पादकत्व अपेक्षित रुपमा बृद्धि हुन सकिरहेको छैन । कृषि व्यवसाय प्रवर्धन गर्न कठिन भएको सन्दर्भमा प्रभावकारी बजार व्यवस्थापन प्रणालीको विकासबाट विश्वबजारको अवसरहरुको उपयोग गरी राष्ट्रिय अर्थतन्त्रमा गति प्रदान गर्न सकिन्छ ।

नेपालको संविधानबमोजिम खाद्य सम्प्रभुताको हकको संरक्षण गर्दै राज्यले अगींकार गरेको कृषि नीतिमा उल्लिखित किसानको हकहित संरक्षण सम्वर्धन गर्दै, कृषि उत्पादन र उत्पादकत्व बढाउन, परम्परागत कृषि प्रणालीलाई आधुनिकीकरण र व्यावसायिकीकरण गर्दै प्रसोधन, भण्डारण र बजारीकरण गर्न कृषक समुह तथा सहकारीहरुलाई कृषि सेवा, सामग्री, प्रविधिका साथै कृषि उपजको उचित मूल्य र बजार पंहुचको व्यवस्था, तुलनात्मक लाभहरुको न्यायोचित वितरण र दीगो विकास गर्ने अवधारणा अनुरुप कृषि क्षेत्रको विकास, व्यवस्थापन र सुशासन आवश्यक छ ।

जग्गाजमिन खनजोत गरी बालीनाली लगाउनु कृषि हो। बाली सपार्न, उत्पादन बढाउन र दैनिक उपयोग गर्नको लागि गरिने गाई, भैंसी, बाखा, भेडा, बंगुर, कुखुरा, माछा आदि पालनलाई समेत कृषिमा समेटिएको छ। कृषि मानिसको दैनिक जीवनसँग प्रत्यक्षरूपमा सरोकार राख्ने क्रियाकलाप हो। मानिसले दैनिक उपभोग गर्ने वस्तु कृषिकै उपज भएकोले यसको संरक्षण, विस्तार र बजारीकरण हुनु अत्यन्त आवश्यक छ। सम्पूर्ण जीवको जीवनको आधार कृषि भएकोले यसैमार्फत हरेक प्राणीलाई खाना प्राप्त भइरहेको हुन्छ। यसर्थ हरेक

प्राणीको जीवनरक्षा गर्ने काम कृषिले गरिरहेको हुन्छ। यसको उपभोग जुनसुकै स्तरको प्राणीले गर्ने गर्दछ। यसले प्राकृतिक रूपमा सबै प्राणी समान छन् भन्ने बुझाउँछ।

कृषि उत्पादनमा स्वच्छता, स्वस्थता र रोग निरोधकता विद्यमान हुन्छ। यसमा सम्पन्नता प्राप्त गर्नु लामो समयसम्म जिउने अवसर प्राप्त गर्नु हो। कृषि क्षेत्रबाट उत्पादन भएका वस्तुहरू मौसम विशेष, वातावरण विशेष, स्थानविशेष हुन्छन् जसको गुणस्तर वातावरण र स्थानले समेटेको हुन्छ। कृषि प्रणालीमा उपयोगिता ह्रास नियम लागू हुने हुँदा यसको उत्पादन प्रकृतिमा निर्भर गर्दछ। मानिसले आवश्यक मलजलमा ध्यान दिए पनि आवश्यकता अनुरूप उत्पादन बढाउन घटाउन सक्दैन।

तसर्थ यो पेसामा लगनशीलता, परिश्रम बढी आवश्यक पर्छ। लगनशीलता, परिश्रमअनुरूप उत्पादन हुने/नहुने कुराचाहिँ प्रकृतिमा निर्भर हुन्छ। कृषकहरूले नै मौसमअनुरूप कृषि उत्पादन गरी उपभोग र वितरण गर्दछन्। विश्वमा यो पेसा अन्य पेसाको तुलनामा पछि परेको पाइन्छ। कृषि पेसामा आबद्ध एउटा कृषक र औद्योगिक पेसा गर्ने उद्योगीबीचको भौतिक सुविधामा देखापरेको अन्तरले अधिकांश मानिसहरूले यो पेसा छोड्दै गएको आंकलन गर्न सकिन्छ। बल्लतल्ल गरेको उत्पादनले पनि बजार नपाउनुले गर्दा खाँटी कृषकको मनोवल घट्दै गएको पाइन्छ।

व्यावसायिक कृषि पेसा अवलम्बन गरेका कृषकले आफ्नो उत्पादनलाई बजारीकरण गर्ने सुविधा/पहँच नहुनुले ठूलो घाटा व्यहोर्नु परेको अवस्था छ यस अवस्थामा उनीहरूलाई एउटा संयन्त्र जसले उत्पादनलाई उचित मूल्य प्रदान गरी बजारसम्म पुऱ्याइदिने, आवश्यक मल बीउ समयमा जुटाइदिने काम गरोस। त्यो अवसरको खाँचो ग्रामीण र दुर्गम क्षेत्रका कृषकमा अधिक छ। सांगठनिक बजारीकरण नहुँदा उनीहरूले आफ्नो उत्पादनबाट पाउनुपर्ने वास्तविक मूल्य पाइरहेका छैनन ।

अबका दिनमा कृषि बजारीकरणको आधुनिक प्रणाली अवलम्बन गर्दा कृषकलाई न्याय दिन सकिनेछ । न्यायिक कृषि प्रणालीले कृषकको मनोबल बढाई उत्पादनले थप गति प्राप्त गर्दछ। कृषि क्षेत्रबाट उत्पादित वस्तुलाई आवश्यक बजारको व्यवस्था मिलाउनु कृषिको बजारीकरण हो। कृषकले मौसम अनुसार उत्पादन गरेको कृषि उत्पादनलाई बजारसम्म पुऱ्याई उचित कारोबार हुने वातावरणले कृषकले आफ्नो मूल्य प्राप्त गर्दछन्। उपभोक्ताले सुपथ मूल्यमा वस्तु खरिद गर्न पाउँछन्, उपभोक्ताको उपभोग क्षमतामा वृद्धि हुन्छ। कृषिजन्य वस्तुको आयात प्रतिस्थापन हुन पुग्दछ।

कुनै पनि वस्तुलाई उत्पादकहरुको तहबाट उपभोक्ताको पहुँचसम्म पुऱ्याई बिक्री गर्ने कार्यलाई बजारीकरण भनिन्छ । कृषि बजारीकरणमार्फत कृषिक्षेत्रमा हुने उत्पादनको एउटा चक्रिय प्रवाह चलिरहेको हुन्छ। यसमा कृषक पहिलो पक्ष हो उसले उत्पादन प्रक्रियामा भाग लिई उत्पादन वृद्धि गरिरहेको हुन्छ। उत्पादन भएको वस्तु सङ्कलकमार्फत भण्डारण हुन्छ र बजारसम्म पुग्दछ। बजारमा पुगेको वस्तु उपभोक्ताले बजारमूल्यमा खरिद गरेर उपभोग गर्दछ । यसरी हुने बजारीकरण र उत्पादनको चक्रिय प्रवाहले कृषिको व्यवस्थापन प्रणालीगत ढंगले हुने देखाउँछ।

बजारीकरण अवलम्बन गर्दा उत्पादकले उत्पादनको उचित मूल्य प्राप्त गर्दछ, उत्पादकले उत्पादन गरेको मौसमी वा बेमौसमी वस्तुलाई आधारमानी मूल्य तोक्ने र सङ्कलक उत्पादकबीचको नाफाको अन्तर ५ देखि ८ प्रतिशतभन्दा बढी हुन नहुने जसले गर्दा दुवै पक्ष लाभान्वित बन्ने, सङ्कलक निकाय वा संस्था हुनेहुँदा मूल्य अन्तर ठूलो नहुने, सङ्कलकले उपभोक्ताको हात सम्म कुन दरमा पुग्छ भन्ने कुरा निरीक्षण गरिरहने हुँदा एक अर्काबीचमा अधिक नाफाको स्थिति हुँदैन। सबैले उचित मूल्यमा प्राप्त गर्नाले मुद्रास्फिति हुँदैन र बजारमा अभाव सृजना नहुने हुँदा निरन्तर मूल्य प्राप्त भइरहन्छ। आयमा ठूलो उतार चढाव आउन दिँदैन।

बजारीकरण व्यवस्थापन गर्न कृषकलाई आवश्यक मल, बीउ, रकम आवश्यक्ताअनुरूप प्रदान गर्ने, प्राङ्गारिक मललाई जोड दिने, कृषकले उत्पादन गरेको सम्पूर्ण उत्पादन सङ्कलकले लिइदिने र त्यसको मूल्य कृषकलाई हप्ता देखि १५ दिन भित्रमा दिने, कृषक खेतबारीमै बसेर मूल्य लिने, बजारले पसल पसलमा समान पाउने हुँदा वस्तुको वितरणमा छिटो छरितो र तीव्रता आउँछ। जसले गर्दा उत्पादन थप सक्रिय र गुणस्तरीय बन्दै जान्छ, कृषकले उत्पादन मात्र गर्ने, सङ्कलकले बजार खोज्ने कार्यले उत्पादन खेर नगई उचित सदुपयोग हुन्छ। अबका दिनमा कृषि र यसको बजारीकरणलाई पूर्णतः पालना गर्ने वातावरण बनाइँदा कृषि अर्थतन्त्रले गति लिन्छ। यस संयन्त्रले उपभोक्तालाई ताजा, सुपथ मूल्य र सहजीकरण प्रदान गर्दछ। कृषकले उत्पादनको उचित मूल्य समयमै प्राप्त गर्ने र उत्पादनको सदुपयोग हुनुले कृषकमा थप हौसला सिर्जना हुन्छ। कृषिको उन्नति र विकासको लागि सरकारले पूर्वाधार निर्माण गरिदिनुका साथै उत्पादनदेखि उपभोगसम्मको संयन्त्रमा अवलोकन र नियन्त्रण गर्न जरुरी छ।

कृषि उपजको बजारीकरणमा वस्तुको परिमाणले ठूलो अर्थ राख्दछ । उत्पादित वस्तुको बजार माग राम्रो छ, गुणस्तरीय पनि छ तर परिमाण कम छ भने ती वस्तुको बजारीकरण सहज हुन सक्दैन । व्यापारीहरु थोरैथोरै कृषि वस्तु संकलन गर्न कृषकै खेतबारीमै पुग्दा प्रति केजी लागत बढ्ने देखिन्छ । त्यस्तै कृषक आफैले बजारसम्म लगेर बिक्री वितरण गर्दा लागत बढन जान्छ । यसो हुँदा नाफा कम भई कृपकहरु निरुत्साहित हुने गर्दछन् । यसकारण पनि ठूलो परिणाममा वस्तुहरुको उत्पादन गर्दा व्यापारीलाई समेत खेप पुग्ने. हुँदा उनीहरु

कृषकै खेतबारीमा उपज संकलनका लागि आउन सक्छन । ठूलो परिमाणमा वस्तु बजार पुऱ्याउँदा ढुवानी खर्च समेत कम पर्ने भई नाफा पनि बढी हुन्छ । यसले कृषि उपजको बजारीकरणमा सहयोगी भूमिका निर्वाह गर्दछ ।

कृषि वस्तुको उत्पादन बृद्धिमा वार्षिक उत्पादन योजना तयार गर्नुले उत्पादन बृद्धि र बजारीकरणमा ठूलो सहयोग पुग्दछ । वार्षिक उत्पादन योजनाले बजारमा कुन कुन वस्तुको माग उच्च छ, उपलब्ध जमिनमा कुन कुन सिजनमा कुन कुन प्रजातिका जमिनमा बाली कति क्षेत्रफलमा लगाउने र कति उत्पादन लिने भन्ने बारे योजना गर्न सहयोग गर्दछ । जसले लाग्ने लागत र प्राप्त हुने वार्षिक नाफाको आँकलन गर्न मदत गर्नुका साथै कृषि उपज बजारीकरणलाई समेत सहयोग पुऱ्याउछ । अन्ततोगत्वा निर्वाहमुखी कृषि प्रणाली व्यावसायीकरण हुन गई आर्थिक उपार्जनमा मदत पुग्दछ ।

**उद्देश्यहरु**

- कृषि थोकबजार, संकलन केन्द्र, हाटबजार तथा खुद्रा बिक्री कक्ष निर्माण, सुधार तथा विकास गर्ने ।
- सार्वजनिक निजी साझेदारी अवधारणालाई प्रयोग गरी कृषि बजार विकास गर्ने ।
- कृषकलाई आवश्यक मल, बीउ, औजार, उपकरण तथा विषादी/रसायन र आवश्यक रकम आवश्यकता अनुरूप प्रदान गर्ने।
- उत्पादनमा प्राङ्गारिक मलको उपयोगमा जोड दिने, सिँचाइ, बाटो र सञ्चारको उचित व्यवस्था मिलाइ दिने र अर्गानिक कृषि क्षेत्र घोषणा गराउन सहज वातावरण बनाउने ।
- कृषि उपज तथा उत्पादन सङ्कलक संगठन/संस्थामार्फत भण्डारीकरण गरी कृषकलाई वस्तुको उचित मूल्य प्रदान गर्ने,
- कृषकले आफ्नो उत्पादन भण्डारककोमा पठाउने, भण्डारकले आवश्यक मल, बीउ कृषकलाई पठाउने, उत्पादनको बजार मूल्य लागत र माग आपूर्तिलाई ध्यान दिई तय गर्ने,
- सङ्कलकले सङ्कलन गरेर वस्तु बजारमा पठाउने, पठाउँदा तोकिएको मापदण्डलाई ख्यालमा राखी सानो नाफाको अंश राखी सुरक्षित रूपमा पठाउने र गुणस्तरलाई ध्यानमा राखी ब्राण्डिङ्ग तथा आकर्षक प्याकेजिङ्गलाई महत्व दिने ।
- सङ्कलक र बजारबीचको सम्बन्ध प्रचलित कानुनसम्मत हुनुपर्ने, बजारबाट उपभोक्ताको हातसम्म पुग्दा उत्पादनको टिकाउपन हेरी थोरै टिकाउपन भएका वस्तुमा (२० देखि २५) प्रतिशत र टिकाउ बढी भएका वस्तुमा (१० देखि १५) प्रतिशतभन्दा बढी नाफा लिन नहुने र बजारीकरणका सबै निकायमा सूचनाको प्रवाह निरन्तर हुनुपर्ने।
- दूध र दूग्धजन्य उत्पादनको अन्तर्राष्ट्रिय बजारीकरणमा सहज गर्न खोरेतमुक्त नगरपालिका घोषणाका लागि कार्ययोजनासहित सहज बनाउने ।

**कृषि उपज बजारीकरण योजना, २०८१**

| सि.नं | विवरण (क्रियाकलाप ) | एकाइ | समयावधि | अनुमानित लागत |
|---|---|---|---|---|
| १ | नगर कृषि प्रवर्धन समिति गठन तथा कार्ययोजना कार्यान्वियन | | | |
| २ | कृषिसँग सम्बन्धित प्रचलित कानुनको प्रयोग तथा कार्यान्वियन | | | |
| ३ | कृषक समूह गठन, दर्ता तथा नवीकरण र सञ्चालन तथा क्षमता अभिबृद्धि कार्यक्रम | | | |
| ४ | बजार संकलन केन्द्र पहिचान तथा संयन्त्र निर्माण | | | |
| ५ | बजार तथा मौसम सूचना प्रणालीको विकास तथा सञ्चालन | | | |
| ६ | कृषि तथा पशु बीमा प्रवर्धन /कृषि मजदूर तथा कृषकहरुको व्यक्तिगत सुरक्षा तथा जोखिम न्यूनीकरणका लागि बीमा तथा सामाजिक सुरक्षा कार्यक्रम | | | |
| ७ | कृषि प्रदर्शनी तथा व्यापार मेला सञ्चालन | | | |
| ८ | आन्तरिक तथा वाह्य वजारको व्यवस्थाः | | | |
| ९ | खाद्य प्रशोधन तथा माछा मासु प्रशोधन केन्द | | | |
| १० | कृषि एम्बुलेन्सको व्यवस्थापन | | | |
| ११ | राष्ट्रिय तथा अन्तराष्ट्रिय बजारसँग सम्बन्ध विस्तार तथा बजारीकरण | | | |

| | | | | |
|---|---|---|---|---|
| १२ | गुणस्तरीय ब्राण्डिङ्ग तथा प्याकेजिङ्ग प्रणालीको विकास र डिजिटल मार्केटिङ्गको अभ्यास | | | |
| १३ | कृषक, कृषि व्यापारी, कृषि प्राविधिक, पशु सेवा प्राविधिक, कृषक समूह र सहकारी संस्थाहरुको क्षमता विकास कार्यक्रम | | | |
| १४ | कृषि उपजको न्यूनतम समर्थन मूल्य तोक्ने संयन्त्रको विकास र प्रयोग | | | |
| १५ | कृषि अनुदान तथा कृषि उपजको बजारीकरणमा ढुवानी अनुदानको व्यवस्था | | | |
| १६ | भ्यालु एड प्रविधिको प्रयोग तथा विस्तार | | | |
| १७ | कृषि शिक्षाको प्रवर्धन, अनुसन्धानका लागि छात्रवृत्ति | | | |
| १८ | कृषक पाठशाला / कृषक अवलोकन भ्रमण / कृषकहरुलाई कृषि एप्स चलाउन प्रोत्साहन कार्यक्रम | | | |
| १९ | सूचीकृत कृषकहरुको वर्गीकरण र कृषि अनुदान प्याकेज | | | |
| २० | हुलाकको द्रुत डेलिभरी सर्भिसमा तोकिएको उत्पादन ढुवानी गर्दा सरकारी छुटको व्यवस्था | | | |
| २१ | जलवायु मैत्री स्मार्ट कृषि प्रविधिहरु प्रवर्धन | | | |

द्रष्टव्य :

- उल्लिखित कार्ययोजनालाई मौजुदा बजेट, स्रोत साधनको आधारमा कार्यान्वयन गर्दै लगिनेछ।
- यस कार्ययोजनालाई समयानुकूल परिमार्जन तथा अद्यावधिक गरी कार्यान्वयन पक्षमा जोड दिइनेछ।

## कृषि उपजको संकलन तथा बजारीकरण सम्बन्धी नीति

१. विभिन्न वडामा कृषि सहकारी/समूहलाइ संकलन केन्द्रका रुपमा तयार गरिनेछ।

२. कृषि सहकारी/समूहका पदाधिकारीबाट संकलन केन्द्र व्यवस्थापन समिति बनाई उक्त समितिले कृषि उपज संकलन गरी सदरमुकाम स्थित संकलन केन्द्रमा पठाउने र बिक्री भएको कृषि उपज मूल्यको निश्चित प्रतिशत रकम कोष बनाइ राख्न व्यवस्था मिलाइनेछ।

३ वृहत कार्यक्षेत्र बनाई संगठित कृषि सहकारी/ समूहहरुलाई व्यावसायिक, उत्पादनमुखी उन्नत वीउ बिजन, कृषि सामाग्री औजार उपकरण उपलब्ध गराई र प्रविधिमैत्री बनाइनेछ।

४. वडास्तरीय संकलन केन्द्रहरुको व्यवस्थापन समिति निम्न बमोजिम रहनेछ। यस समितिमा कृषि सहकारी/कृषक समूहका पदाधिकारी तथा सदस्यहरुमध्येबाट मनोनयन गरिनेछ। उक्त गठित समितिमा न्यूनतम ६०% महिलाको सहभागिता अनिवार्य रहनेछ। संकलन केन्द्रका पदाधिकारीहरुले वडाध्यक्षसमक्ष शपथ ग्रहण गर्नु अनिवार्य हुनेछ।

  १. अध्यक्ष - १
  २. उपाध्यक्ष-१
  ३. सचिव -१
  ४. कोषाध्यक्ष -१
  ५. सदस्य - (न्यूनतम ३-अधिकतम ७)

५.यसका लागि कृषि उपजहरु (तरकारी,फलफूल, खाद्यान्न वाली, दलहन/ तेलहन बाली) उचित समय र उचित मुल्यमा खरिद वा विक्री गर्नका लागि बालीको मूल्य निर्धारण गर्न नगरपालिका उपप्रमुखको संयोजकत्वमा कृषि उपजहरुको विक्री वितरण तथा मुल्य निर्धारण व्यवस्थापन प्रणालीमा देहाय बमोजिमका निकायहरुका प्रतिनिधि रहने गरि समिति गठन हुनेछ।

- उप प्रमुख -संयोजक
- कृषि विकास शाखाको प्रतिनिधि – सदस्य
- जिल्ला प्रशासन कार्यालयको प्रतिनिधि – सदस्य
- उद्योग वाणिज्य संघको प्रतिनिधि – सदस्य
- नगर प्रमुखबाट मनोनित वडा प्रतिनिधि (महिलासहित २ जना) – सदस्य
- नगर प्रमुखबाट मनोनित सहकारी/ समूहको प्रतिनिधि (महिलासहित २ जना) – सदस्य
- नगर प्रमुखबाट मनोनित कृषि फर्मको प्रोपाइटरमध्येबाट -महिलासहित ३ जना) – सदस्य

६. कृषि उपजहरुको उत्पादनदेखि बजारीकरणसम्मका कृयाकलापहरुलाई व्यवस्थित र प्रविधिमैत्री बनाउनका लागि प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा देहाय बमोजिमका प्रतिनिधि रहने गरि प्राविधिक समितिको गठन गरिनेछ।

१ प्रमुख प्रशासकीय अधिकृत- संयोजक
२ कृषि ज्ञान केन्द्रको प्रतिनिधि – सदस्य
३ कृषि विकास शाखाको प्रमुख – सचिव

**कृषि उपज बजारीकरणमा मूल्य निर्धारणमा गर्नु पर्ने कार्यहरु**

- कृषि उत्पादक समूहहरुले लगाउने बाली तरकारीको उत्पादन लागत विवरण लिने र दर्ता भएका समूहलाई इलाम नगरपालिकाको नीति निर्णय अनुसार सुचिकृत हुने
- बिमा अभिलेखको आधारमा मूल्य निर्धारण गर्ने
- जिल्ला दररेट, बजारभाउ र कृषि उपज जाने बजार भाउलाई आधार मानि मूल्य निर्धारण समितिबाट मूल्य निर्धारण गर्ने
- कृषि प्राविधिकले उत्पादन  लागत आधारमा बनाएको कृषि उपजहरुको स्टिमेटका आधारमा मुल्य निर्धारण गर्ने
- कृषि सहकारीमार्फत सम्झौता गराई सूचीकृत कृषकहरुले उत्पादन बाली समर्थन मूल्यमा घटी बढी हुने भएमा १० प्रतिशतले अनुदान कार्यविधि अनुसार उपलब्ध गराउने
- मूल्य निर्धारण समितिले मूल्य निर्धारण गर्दा ढुवानी / प्याकेजिङ्ग , अपरेटिङ्ग कस्ट सहितको मुल्य निर्धारण गर्ने हुदा सहकारीले कृषकले बेचेको तरकारी मूल्य सोहि अनुसार नै गर्नु पर्ने हुन्छ

**कृषि उपजहरुको संकलन तथा बजारीकरणमा सहकारीको उपयोग सम्बन्धी प्रारुप**

१. संकलन केन्द्र निर्धारण कार्य निम्नानुसार गरिनेछ। नगरपालिकाले आवश्यकताका आधारमा अन्य थप संकलन केन्द्रहरु समेत निर्धारण गर्न सक्नेछ। इलाम नगरपालिका क्षेत्र बाहिरको कृषि बजारको हकमा नगरपालिकाको आर्थिक विकास समितिको सिफारिसमा सरोकारवाला कृषि बजारसँग संझौता गरी सो अनुसार गरिनेछ।

| क्र. स. | संकलन केन्द्र | समेटिने वडाहरु |
|---|---|---|
| १ | वडा न १ नेपालटार आसपास | १ र ३ |
| २ | वडा न ५ बिल्ल्याँटे आसपास | २, ४ र ५ |
| ३ | वडा न ७ कृषि बजार भवन | ६,७,८,९,११ १२ |
| ४ | वडा न १० गोदक आसपास | १० |
| ५ | वडा नं. ४ पुवाखोला आसपास | ४ |
| ६ | वडा नं. ९ भन्ज्याङ्ग आसपास | ९,११,१२ |

२. कृषि सहकारी/समूहहरुलाई संकलन केन्द्रका रुपमा तयार गर्ने

- कृषि सहकारी/समूहहरु संगठित र अविच्छिन्न उत्तराधिकारीवाला स्वशासित संस्था हुनुपर्ने।
- कृषि सहकारी/समूहहरु वृहत कार्यक्षेत्र समेटि सकृयमा संचालित भएको हुनुपर्नेछ।
- कृषि सहकारी/समूहहरुको वित्तिय अवस्था (आधारभूत र प्राविधिक) सवल रहेको हुनुपर्नेछ।
- कृषि सहकारी/समूहहरु व्यावसायिक, उत्पादनमुखी (उन्नत वीउ बिजन, कृषि समाग्री औजार उपकरण) र प्रविधिमैत्री हुनुपर्नेछ।
- उक्त कृषि सहकारी/समूहहरुले संकलन केन्द्र संचालनमा सहजीकरण गर्नका लागि सहकारी/ समूह आफैले कर्मचारी व्यवस्थापन गर्नु पर्नेछ
- वडास्तरीय संकलन केन्द्रहरुको व्यवस्थापन समिति निम्न बमोजिम रहनेछ। यस समितिमा कृषि सहकारी/कृषक समूहका पदाधिकारी तथा सदस्यहरुमध्येबाट मनोनयन गरिनेछ। उक्त गठित समितिमा न्यूनतम ६०% महिलाको सहभागिता अनिवार्य रहनेछ। संकलन केन्द्रका पदाधिकारीहरुले वडाध्यक्षसमक्ष शपथ ग्रहण गर्नु अनिवार्य हुनेछ।
  १. अध्यक्ष - १
  २. उपाध्यक्ष-१
  ३. सचिव -१
  ४. कोषाध्यक्ष -१
  ५. सदस्य - (न्यूनतम ३-अधिकतम ७)
- उक्त गठित कार्य समितिमा सहकारी सस्थाका  पदाधिकारी तथा कृषि समुहका पदाधिकारी सदस्यको रुपमा रहनेछन जसमा न्युनतम ४०% महिलाको सहभागिता रहनेछ।

३. न पा ले संकलन केन्द्र संचालनका लागि आवस्यक स्टेसनरी तथा नाप तौल लगायतका सामाग्रीहरुमा नगरपालिकाको मापदण्ड तथा नियमानुसार अनुदान दिने व्यवस्था मिलाउनेछ।

- रजिष्टर
- १०० के जी क्षमताको डिजिटल काँटा
- भण्डारण तथा प्याकेजिङ्गका लागि Rack, Tray काठ वा प्लाई
- थर्मोमीटर हाईग्रोमीटर
- पानी तथा विजुलीको महसुल

- संकलन केन्द्र भाडा लिए वापतको भाडा
- अन्य निकायबाट निर्मित भवनहरुलाई संकलन केन्द्रको रुपमा प्रयोग गर्ने

४. सहकारी संघसगको सहकायमा आवश्यक तालिम⁄ अभिमुखीकरण प्रदान गर्ने

- सहकारी संघले नगरपालिकाको सहभागिता र निगरानीमा बजार व्यवस्थापन, कृषि उपज भण्डारण, पोष्ट हार्भेष्ट र सिप मुलक क्षमता विकास सम्बन्धी तालिम र
- सहकारी ⁄समूहमा आवद्धता तथा जनचेतना सम्बन्धि अभिमुखिकरण कार्यक्रम संचालन गर्नु पर्नेछ।

५ कृषि उपजको मूल्य निर्धारणमा सहजीकरण गर्ने

- यसका लागि कृषि उपजहरु( तरकारी,फलफूल, खाद्यान्न वाली, दलहन⁄ तेलहन बाली) उचित समय र उचित मुल्यमा खरिद वा विक्री गर्नका लागि बालीको मूल्य निर्धारण गरिनेछ।
- नगरपालिका उप प्रमुखको संयोजकत्वमा कृषि उपजहरुको विक्री वितरण तथा मुल्य निर्धारण व्यवस्थापन प्रणालीमा देहाय बमोजिमका निकायहरुका प्रतिनिधि रहने गरि समिति गठन गरिनेछ। नगर प्रमुखबाट हुने मनोनयन आर्थिक विकास समितिको सिफारिसमा हुनेछ।
    - उप प्रमुख -संयोजक
    - कृषि विकास शाखाको प्रतिनिधि – सचिव
    - जिल्ला प्रशासन कार्यालयको प्रतिनिधि – सदस्य
    - उद्योग वाणिज्य संघको प्रतिनिधि – सदस्य
    - नगर प्रमुखबाट मनोनित वडा प्रतिनिधि (महिलासहित २ जना) – सदस्य
    - नगर प्रमुखबाट मनोनित सहकारी⁄ समूहको प्रतिनिधि (महिलासहित २ जना) – सदस्य
    - नगर प्रमुखबाट मनोनित कृषि फर्मको प्रोपाइटरमध्येबाट -महिलासहित ३ जना) – सदस्य

६ कृषि उपजहरुको उत्पादनदेखि बजारीकरणसम्मका कृयाकलावहरुलाई व्यवस्थित र प्रविधिमैत्री बनाउनका लागि प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा देहाय बमोजिमका प्रतिनिधि रहने गरि प्राविधिक समितिको गठन गरिनेछ। यस समितिमा संयोजकले आवश्यकतानुसार अन्य व्यक्ति वा विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

१ प्रमुख प्रशासकीय अधिकृत- संयोजक
२ कृषि ज्ञान केन्द्रका प्रतिनिधि – सदस्य
३ कृषि विकास शाखाका शाखा प्रमुख – सचिव

७ मूल्य निर्धारण प्रकृयाका आधारहरु

- कृषि उपजको उत्पादन लागत (ढुवानी, प्रशोधन, भण्डारण)को आधारमा
- बजार दरभाउ अनुसार
- बजार अध्ययन तथा विश्लेषणका आधारमा
- प्राविधिक समितिको मुल्याङ्कनको आधारमा
- कृषि उपजहरुको मुल्य निर्धारण गर्दा बस्तुको साप्ताहिक न्युनतम मुल्य र अधिकक्तम मुल्यको औसतको आधारमा गरिनेछ।
- कृषि उपजको उत्पादनदेखि इलाम बजारस्थित संकलन केन्द्रसम्मको लागत सहितको मुल्य निर्धारण गरिनेछ।

८. इलाम सदरमुकामस्थित संकलन केन्द्रका सम्बन्धमा विशेष व्यवस्था

१. कृषि सहकारी संघ वा कुनै सहकारी संस्थाहरुलाई संकलन केन्द्रका रुपमा तयार गर्ने

- न पा ७ स्थित कृषि सहकारी संघ वा बहुद्देश्यीय सहकारीहरुलाई संकलन केन्द्रको रुपमा स्थापना गरि संचालनमा ल्याइनेछ।
- यस कार्यका लागि नगरपालिकाले एक भन्दा बढी सहकारी संस्थाको सञ्जाल बनाएर समेत स्थापना गर्न निर्देशन दिन र सञ्चालन गर्न गराउन सक्नेछ।
- समन्वय र सहजीकरण साथै संचालनका लागि आर्थिक विकास समितिको सिफारिसमा नगर प्रमुखबाट आवश्यकता अनुसार अन्य समिति समेत गठन गरिनेछ।

२. उक्त सहकारी संघ⁄ सहकारीलाई कृषि बजारस्थित भवनको तल्लो तला १ बर्षका लागि निशुल्क⁄ सशुल्क⁄ अनुदानमा उपलब्ध गराइनेछ।

३. संकलन केन्द्र शुरु गर्नका लागि आवश्यक अनुदान तथा ऋण रकम न. पा. ले उपलब्ध गराउने

- सामाग्री खरिद
- स्थानीय तथा बाह्य बजारमा कृषि उपजको निकासी नहुन्जेलसम्म भण्डारण, प्रशोधन, मिनी कोल्ड स्टोर निर्माण, बजार विश्लेषण, प्रचारप्रसार, सरसफाई र सडेका विग्रिएका वस्तुबाट प्राङगारिक मल उत्पादन गर्न प्रोत्साहन अनुदान दिइनेछ।

४. यस केन्द्रले संकलन र ढुवानी लगायतका लागत कटाई निश्चित प्रतिशत रकम मुनाफाका रुपमा राख्ने

- इलाम स्थित संकलन केन्द्रबाट आन्तरिक तथा बाह्य बजारमा कृषस उपजको ढुवानी बापत लाग्ने रकम जिल्ला दररेटका आधारमा गरिनेछ।
- ढुवानी र संकलनको सम्पुर्ण लागत कटाई कृषि सहकारी संघ⁄ सहकारीले कृषि उपज विक्री गरेबापत प्रति केजी रु ५ सम्म मुनाफा राख्न पाउनेछ।

५. झापाको चारआली, विर्तामोड, अर्जुनधारामा संचालित सहकारीहरुलाई आबद्ध गराई इलामबाट निकासी भएका कृषि उपजहरुलाई आन्तरिक तथा बाह्य बजारमा पैठारी गर्ने संजाल निर्माण गरिनेछ । साथै कृषि उपजको तुलनात्मक र प्रतिस्पर्धात्मक अवस्था विश्लेषण गरी गुणस्तरीय अर्गानिक बस्तुको उत्पादन र बजार प्रवर्धन गर्ने भूमिका निर्वाह गरिनेछ ।

६. इलाम सदरमुकामस्थित सञ्चालन हुने संकलन केन्द्रले इलाम नगरमा स्थापित घरेलु उद्योगले उत्पादन गरेका कृषिमा आधारित उत्पादनहरुको बजारीकरणका लागि कार्ययोजना तयार गरी नगरपालिकाबाट स्वीकृत गराई कार्यान्वयन गर्नु अनिवार्य हुनेछ ।

९. कृषि उपजको संकलन तथा बजारीकरणमा आबद्ध सम्पूर्ण कृषि सहकारी, कृषक समूह र सहकारी संघहरुको अनुगमन तथा मुल्याङ्कन गर्नका लागि इलाम नगरपालिकाको उपप्रमुखको संयोजकत्वमा देहाय बमोजिमका प्रतिनिधि रहने गरि अनुगमन तथा मुल्याङ्कन समितिको गठन गरिनेछ । समितिका संयोजकले आवश्यकतानुसार अन्य व्यक्ति वा विज्ञलाई आमन्त्रण गर्न सक्नेछ । नगर प्रमुखबाट हुने मनोनयन आर्थिक विकास समितिको सिफारिसमा हुनेछ ।

१ उपप्रमुख -संयोजक
२ कृषि विकास शाखाको प्रतिनिधि सदस्य
३ जिल्ला प्रशासन कार्यालयको प्रतिनिधि सदस्य
४ उद्योग वाणिज्य संघको प्रतिनिधि सदस्य
५ नगर प्रमुखबाट मनोनित वडाका प्रतिनिधि (महिलासहित २ जना) सदस्य
६ नगर प्रमुखबाट मनोनित सहकारी/समूहको प्रतिनिधि (महिलासहित २ जना) सदस्य
७ नगर प्रमुखबाट मनोनिति कृषि फर्मको प्रोपाइटर (महिलासहित २ जना) सदस्य
८ सहकारी शाखाको कर्मचारी – सचिव

१० कृषि उपज बजारीकरणका लागि नीतिगत रुपमा गरिने कृयाकलापहरु

- कार्यविधि/निर्देशिका/मापदण्ड/क्षमता विकास योजना तयारी
- तथ्याङ्क अभिलेख व्यवस्थापन
- अनुदान तथा ऋण व्यवस्थापन

११ यस नीतिको प्रभावकारी कार्यान्वयनका लागि आवश्यकतानुसार नेपाली सरकारबाट जारी कृषि नीति, २०६१ र कृषि व्यवसाय प्रवर्धन नीति, २०६३ इलाम नगरपालिकाबाट जारी कृषि व्यवसाय प्रवर्धन ऐन, २०७४, कृषि ऐन, २०८०, उद्यमशीलता विकास तथा प्रवर्धन कार्यविधि, २०८०, कृषि तथा पशुपंक्षी सम्बन्धी सेवा मापदण्ड, २०७९ र लगानी प्रोत्साहन नीति, २०७५, घरेलु उद्योग प्रवर्धन नीति, २०७५ लाईं प्रयोग गरिनेछ । यस नीतिमा उल्लेख भए बाहेकका कुराहरुमा प्रचलित कानुन र नगरपालिकाको निर्णयानुसार हुनेछ ।

## अनुसूची १
## गरिबसँग महामानव विश्वेश्वर कृषि विकास कार्यक्रम २०७९
## <u>बजेट र स्रोत साधनको उपलब्धता अनुसार कार्यान्वयन हुँदै जाने कृयाकलापहरु</u>

| क्र.सं. | कार्यक्रम | क्रियाकलाप | अनुमानित बजेट(०००) |
|---|---|---|---|
| १ | भौगोलिक उचाइ अनुसार बालि सम्भाव्यता अध्ययन | इलाम नगरपालिका क्षेत्रको भौगोलिक उचाइ अनुसार तल्लो, मध्य र माथिल्लो भेगमा हुने कृषि उपजहरुको उत्पादनको सम्भाव्यताको पहिचान गरी वर्गीकरण गर्ने। | १०० |
| २ | प्राङ्गारीक मल उत्पादन | इलाम नगरपालिका भित्र उत्पादन हुने कृषि वस्तुका लागि प्राङ्गारिक मल उत्पादनका लागि कारखाना निर्माण गर्ने। | ३००० |
| ३ | माटो परिक्षण प्रयोगशाला | माटोको गुणलाइ सुधार ल्याइ माटो अनुसार बाली लगाउनका लागि माटो परीक्षण मिनी ल्याव संचालन गर्ने। | ५०० |
| ४ | प्राङ्गारीक कृषि उपज उत्पादन | गुणस्तरीय स्वच्छ ताजा कृषि उपज उत्पादन गर्नका लागि अर्गानिक कृषि उत्पादनका लागि नमुना अर्गानिक बाली उत्पादन गर्न प्रवर्दन गर्ने। | ३०० |
| ५ | सहकारी कृषि उपज बजारीकरण | कृषि सहकारीहरुलाइ आवद्ध गराइ स्थानीय स्तरमा उत्पादन भएका कृषि उपजहरुको मूल्य निर्धारण सहित वजारको प्रवर्दन मिलाउने। | ५०० |
| ६ | रैथाने बाली प्रवर्दन | स्थानीय स्तरमा उत्पादन हुने करेला, टमाटर, सिमि, कोदो, जुनेलो, लट्टे जस्ता बालिको जैविक संरक्षण, वीउ विजन उत्पादन एवम प्रवर्दन गर्ने। | २४०० |
| ७ | चिया तथा कफि उत्पादन प्रवर्दन | कृषि सहकारी कृषक समूह र फर्मलाइ लक्षित गरी अनुदान सहयोग कार्यक्रम संचालन गर्ने। | १२०० |
| ८ | फलफुल तथा तरकारी विकास | सामुहिक खेतिलाई जोड दिदै व्यावसायिक फलफुल तथा तरकारी पकेट प्याकेज कार्यक्रम संचालन गर्ने। | ३६०० |
| ९ | तालिम तथा क्षमता विकास | उद्म विकासका लागि व्यावसायिक सीप मूलक तालिम तथा गुणस्तर सुधारका लागि क्षमता विकास कार्यक्रम संचालन गर्ने । | १२०० |
| १० | कोल्ड स्टोर निर्माण | बाली उत्पादन परन्तप्रविधि **Post Harvest technique**वद्धवा दिन मिनि कोल्ड स्टोर निर्माण गरी संचालन गर्ने। | २५०० |
| ११ | संकल केन्द्र निर्माण | कृषि उपजहरुको उत्पादन पछि बजारीकरण हुनु भन्दा अगाडी संकलन गर्नका | २०० |

| | | | |
|---|---|---|---|
| | | लागि संकलन केन्द्र स्थापना गर्ने। | |
| १२ | आकास्मिक हानिकारक रोग/ किरा व्यवस्थापन | हानिकारक किरा ( फौजि किरा सलह किरा) बाली नालीमा असर देखिएमा त्यस्ता रोग/ किरा तत्काल नियन्त्रण गर्न कार्यक्रम संचालन गर्ने। | १२०० |
| १३ | व्यावसायिक मौरीपालन | गुणस्तरीय मह उत्पान साथै वातावरणीय मैत्री वनाउन व्यावसायिक मौरीपालन कार्यक्रम संचालन गर्ने। | १००० |
| १४ | कृषि औजार तथा उपकरण | कृषिको जनशक्ति घटाउदै लान कृषि यन्त्रिकरण वितरण कार्यक्रम संचालन गर्ने। | २००० |
| १५ | क्रप कटिङ्ग | कृषि तथ्याङ्क अभिलेख राख्नका लागि क्रप कटिङ्ग कार्यक्रम संचालन गर्ने। | १०० |
| १६ | खाद्धान्न बालि विकास कार्यक्रम | धान मकै गहु बालीको उत्पादन बढाउन खाद्धान्न बाली विशेष कार्यक्रम संचालन गर्ने। | १२०० |
| १७ | व्यावसायिक मौरीपालन | गुणस्तरीय मह उत्पान साथै वातावरणीय मैत्री वनाउन व्यावसायिक मौरीपालन कार्यक्रम संचालन गर्ने। | २४०० |
| १८ | खाद्धान्न बालि विकास कार्यक्रम | धान मकै गहु बालीको उत्पादन बढाउन खाद्धान्न बाली विशेष कार्यक्रम संचालन गर्ने। | १२०० |
| १९ | प्याज लसुन उत्पादन कार्यक्रम | मसला वाली उत्पानका लागि समूहिक खेति द्वारा संचालन गर्ने | ६०० |
| २० | नगदे वाली प्रोत्सान कार्यक्रम | नगदेवाली विशेष गरेर अकवरे खुसानी अदुवा आदी उत्पादन बृद्धि गर्ने | ६०० |
| १७ | किसान वर्गीकरण र परिचय पत्र वितरण | किसानको पहिचानका आधारमा अनुदान वितर कार्यक्रम दिन परिचय प्रत्र प्रदान गर्ने कार्यकम संचालन गर्ने। | २४०० |
| १८ | नश्ल सुधार कार्यक्रम(सेक्स सिमेन) | सेक्स सिमेन खरिद गरि गाईपालनबाट दुध उत्पादनमा जोड कार्यक्रम संचालन गर्ने | १००० |
| १९ | रैथाने भेडा तथा स्थानीय गाई संरक्षण कार्यक्रम | उच्च भेगमा हुने स्थानीय भेडा / गाइहरुको गोठ व्यवस्थापन गर्ने कार्यक्रम संचालन गर्ने | ६०० |
| २० | उन्नत घास उत्पादन | उन्नत बहु वर्षे तथा एक वर्षे घास खेती विस्तार सवै वडामा मागको आधारमा कार्यक्रम साथै साइलेज बनाउने कार्यक्रम संचालन गर्ने | १५०० |
| २१ | भकारो सुधार कार्यक्रम | पशुपालनलाइ व्यवस्थित गर्न भकारो सुधार कार्यक्रम संचालन गर्ने। | १२०० |

## अनुसूची २
## दुग्धजन्य पदार्थको निकासी तथा बजारीकरणमा देखा परेको समस्या र समाधानको लागि तत्काल कार्यान्वयनका गर्न कार्ययोजना, २०८०

| सि.नं. | समस्या | समाधान | क्रियाकलापहरु | जिम्मेवार संस्था |
|---|---|---|---|---|
| १ | गाईको चारो दाना महङ्गो र गुणस्तरको नहुनु | स्थानीयस्तरमा दाना र साइलेज उद्योग स्थापना | १) दाना र साइलेज उद्योग स्थापनाका लागि प्रारम्भिक सम्भाव्यता अध्ययन र व्यावसायिक योजनाको मस्यौदा तयार गरी नगर प्रमुखज्यूमार्फत आर्थिक विकास समितिमा पठाउने | उद्योग शाखा |
| | | | २) गाईको दाना र साइलेज उद्योग स्थापनामा लगानीका लागि सहकारी संस्थाहरुलाई उत्प्रेरित गराई प्रतिबद्धता लिने | सहकारी शाखा |
| २ | किसान,, सहकारी संस्था,, स्थानीय व्यापारी र दुग्ध विकास संस्थाले दिने मूल्य समायोजन हुनु पर्ने | सरोकारवाला संस्थाहरुको सहभागितामा न्यूनतम मूल्य समायोजन | १) मूल्य समायोजनाका लागि उद्योग वाणिज्य संघको अगुवाइमा सरोकारवाला संस्थाहरुको भेला गरी न्यूनतम मूल्य समायोजनको सिफारिस गर्ने | उ.वा.संघ इलाम |
| | | | २) दुग्ध पदार्थ खरिद बिक्री हुने प्रत्येक पसल, सहकारी संस्था, दुग्ध विकास संस्थानको निकायहरुमा न्यूनतम खरिद र बिक्री मूल्य अंकित बोर्ड सर्वसाधारणले देख्ने गरी टाँस्ने व्यवस्था गराउने साथै टेम्पो र मोटरसाइकलमा दुध वितरण गर्नेहरुले दुधको न्यूनतम खरिद र बिक्री मूल्यको विवरण र व्यवसाय दर्ता भएको दुध संकलन केन्द्रबाट एनालाइजर प्रयोग गरेको प्रमाण चेकिङ्ग हुँदा देखाउनु पर्ने । | प्रशासन शाखा, नगर प्रहरी डेस्क |
| ३ | दुग्धजन्य पदार्थको आन्तरिक खपत बढाउनु नसक्नु | आन्तरिक खपत बढाउने नीति कार्यान्वयन | १) इलाम नगर क्षेत्रका होटल तथा मिठाई पसलहरुमा स्थानीय दुध, दही र घिउको खपत बढाउन, दुधका अनेक परिकारको उत्पादन बढाउन र आयातीत दुग्धजन्य पदार्थको प्रयोग घटाउनका लागि उद्योग वाणिज्य सघ र होटल एसोसिएसनले आफ्ना सदस्यहरुलाई अभिमुखीकरण गर्ने | उ.वा. संघ इलाम र होटल एसोसिएसन इलाम |
| | | | २) नेपाली सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरी, इलाम अस्पताल, जिल्ला कारागारमा स्थानीय दुध र दुग्धजन्य उत्पादनलाई प्रोत्साहित र प्रयोगको लागि प्रमुख जिल्ला अधिकारीज्यूबाट आव्हान | प्र.जि.अ. |
| | | | ३) नगरको बाल विकास केन्द्र र कक्षा ५ सम्मको विद्यार्थीलाई दिइने खाजामा दुध खुवाउन अनिवार्य गर्नका लागि नगर प्रमुखज्यूबाट आव्हान र अनुगमन गर्ने | शिक्षा शाखा |
| | | | ४) दुधका विभिन्न परिकारहरुको उत्पादन, ब्राण्डिङ्ग र प्याकेजिङ्गसम्बन्धी उद्यमशीलता तालिम सञ्चालन गर्ने गराउने | उद्योग शाखा |

| | | | | |
|---|---|---|---|---|
| ४ | दुध र दुग्धजन्य उत्पादनको गुणस्तर नहुनु | गुणस्तरीय उत्पादनमा जोड दिने | १) दुध खरिद बिक्री गर्ने प्रत्येक पसल तथा सहकारी संस्थाले मिल्क एनालाइजर अनिवार्य प्रयोग गर्ने गराउने व्यवस्था मिलाउने | उ.वा. संघ सहकारी संस्था |
| | | | २. सरोकारवालाहरुलाई मिल्क एनालाइजरको सहज प्रयोगको लागि तालिम र सामग्रीको व्यवस्थापन मिलाउने | पशु विकास शाखा |
| | | | ३. दुध र दुग्धजन्य उत्पादनको गुणस्तर परीक्षणका लागि समय समयमा अनुगमन टोली परिचालन गर्ने गराउने र अखाद्य दुग्ध उत्पादन बजारीकरण तथा निकासी गर्न रोक लगाउने । | पशु विकास शाखा |
| | | | ४. मिल्क एनालाइजर मेसिन खरिदका लागि दुग्ध उत्पादक सहकारी संस्थाहरुलाई नगरपालिकाबाट ऋण सुविधा दिने | सहकारी शाखा |
| | | | ५. दुध, दुग्धजन्य उत्पादनहरुको ब्राण्डिङ्ग, प्याकेजिङ्ग र बजारीकरणका लागि उद्योग स्थापना गर्न प्रारम्भिक सम्भाव्यता अध्ययन र व्यावसायिक योजनाको मस्यौदा तयार गरी नगर प्रमुखज्यूमार्फत आर्थिक विकास समितिमा छलफल र सुझावको लागि पठाउने | उद्योग शाखा |
| ५ | गाई स्वास्थ्य परीक्षण तथा खोप नहुनु | गाईको स्वास्थ्य परीक्षण तथा खोपको व्यवस्था | १) गाईले खाने पोसिलो घाँसको उत्पादन अभिबृद्धिका लागि तालिम, बीउ बिजनको व्यवस्था मिलाउने । | पशुपंक्षी विकास शाखा |
| | | | २) गाई स्वास्थ्य परीक्षण गर्नका लागि नियमित वडा वडामा अभियान सञ्चालन गर्ने, निजी क्षेत्रका प्राविधिकहरुलाई समेत परिचालनको व्यवस्था मिलाउने र खोरेतमुक्त नगरपालिका घोषणाका लागि आवश्यक कार्यक्रमहरु कार्यान्वयन गर्ने | पशुपंक्षी शाखा |
| | | | ३) गाई स्वास्थ्य परीक्षण गर्नका लागि नियमित वडा वडामा अभियान सञ्चालन गर्ने, निजी क्षेत्रका प्राविधिकहरुलाई समेत परिचालनको व्यवस्था मिलाउने | रत्नकुमार बान्तवा प्राविधिक शिक्षालय |
| ६ | गाईपालन मैत्री नीति तथा कार्यक्रम नहुनु | गाईपालन मैत्री नीति तथा कार्यक्रमको व्यवस्था | १) गाईपालन मैत्री नीति तथा कार्यक्रम सिफारिस गर्नका लागि नगर कृषि प्रवर्द्धन समितिलाई परिचालन गर्ने गराउने । | नगर प्रमुख |
| | | | २) दुध र दुग्धजन्य उत्पादनको आन्तरिक तथा बाह्य बजारीकरणका लागि कार्ययोजना बनाई नतिजामूलक ढङ्गले कार्य गराउने | ्उ.वा. संघ |
| | | | ३) गाईपालक कृषक र डेरी उद्योगहरुको न्यूनतम आचारसंहिता बनाई लागू गर्ने | पशु विकास शाखा |
| ७ | गाईपालक कृषकहरुमा ज्ञान र सिपको कमी | क्षमता अभिबृद्धि तालिम | १) उन्नत गाईपालन सम्बन्धी तालिम प्रदान गर्ने | पशु विकास शाखा |
| | | | २) स्वच्छ र गुणस्तरयुक्त दुध उत्पादन सम्बन्धी क्षमता विकास तालिम दिने | पशु विकास शाखा |
| | | | ३) असुल पशुपालना अभ्यास गराउने र कृषकहरुलाई अवलोकन भ्रमणगराउने | पशु विकास शाखा |
| ८ | पशु बीमा कार्यक्रम सुलभ नहुनु | जोखिम न्यूनीकरणका लागि पशु बिमाको सहज व्यवस्थापन | १) सहकारी संस्थामार्फत गाईको अनिवार्य बीमा गराउन अभिमुखीकरण गर्ने | सहकारी संस्था |
| | | | २) बैकर्स क्लब, सहकारी प्रबन्धक क्लब, बीमा कम्पनीलाई सचेतना अभिबृद्धि कार्यक्रम चलाउन उत्प्रेरित गर्ने गराउने | पशु विकास शाखा |
| | | | ३) पशु बीमा प्रवृत्ति अभिबृद्धिका लागि सचेतना फैलाउने | टोल विकास संस्था |

द्रष्टव्य :

- उल्लिखित कार्ययोजनालाई मौजुदा बजेट, स्रोत साधनको आधारमा कार्यान्वयन गर्दै लगिनेछ ।
- यस कार्ययोजनालाई समयानुकूल परिमार्जन तथा अद्यावधिक गरी कार्यान्वयन पक्षमा जोड दिइनेछ ।

## अनुसूची ३
## आवधिक नगर विकास योजना, २०७९ को परिच्छेद ४ को आर्थिक विकाससँग सम्बन्धित विवरण

### पृष्ठभूमि

संघीय प्रणालीको राजनीतिक व्यवस्थासँगै संघ, प्रदेश र स्थानीय तह वीच सहकार्य समन्वय तथा सहअस्तित्वको सम्वन्ध स्थापित भएकाले आर्थिक विकासको लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा कार्यक्रमहरुबीच तादाम्यता कायम गर्नु पर्ने आवश्यकता छ। दीगो विकासका १७ लक्ष्य मध्ये ४ वटा लक्ष्यले हरेक क्षेत्रमा रहेका सवै स्वरुपका विषम गरिवीको अन्त्य गर्ने, भोकमरीको अन्त्य, खाद्य सुरक्षा तथा उन्नत पोषण प्राप्ति र दिगो कृषिको प्रवर्द्धनमा जोड दिने, स्थिर, समावेशी र दीगो आर्थिक बृद्धि, पूर्ण उत्पादनशील रोजगारी र मर्यादित श्रमको सुनिश्चितता तथा दीगो उपभोग र उत्पादनलाई आर्थिक विकासको दीगो लक्ष्यका रुपमा उल्लेख गरेको छ भने संघीय र प्रदेश सरकारले उच्च र समातामुलक राष्ट्रिय आयका लागि दीगो उत्पादन र उत्पादकत्वलाई जोड दिएको छ ।

इलाम नगरपालिकाको अर्थतन्त्रको प्रमुख आधार कृषि, पर्यटन, होटल व्यवसाय, व्यापार, साना तथा घरेलु उद्योग लगायतका क्षेत्र हुन् । उल्लेखित विषयवस्तुलाई ध्यान दिँदै इलाम नगरपालिकाको प्रस्तुत आवधिक योजनाले दीगो विकास लक्ष्य साथै संघ र प्रदेशको आर्थिक विकास लक्ष्य तथा रणनीतिलाई आत्मसाथ गर्दै नगरपालिकाको मौलिकता बमोजिमको आर्थिक कार्ययोजना तयार पारेको छ ।

## ४.१ कृषि

### विद्यमान अवस्था

कृषि क्षेत्रअन्तर्गत अन्नबाली, नगदेबाली, तरकारी खेती र वनजन्य खेतीलाई लिइएको छ । कृषिजन्य उत्पादनको लागि उर्भर भूमि रहेको यस नगरपालिकाको करिब ४४.८ प्रतिशत खेतीयोग्य रहेको छ । समुन्द्र सतहबाट न्यूनतम २८३ मि. देखि ३,०१९ मि.सम्म फैलिएको भौगोलिक धरातलीय स्वरुप अनुसार स्थान विशेष विभिन्न प्रकृतिको माटो र उत्पादन रहेको छ । नगरपालिकाको रोजगारी र जीविकोपार्जनको मुख्य आधार नगदेबालीमा चिया, अलैची, आलु, अम्लिसो, अदुवा, च्याउका साथै खाद्यान्नबालीमा मकै, धान, गँहु, कोदो, जौँ ,फापर रहेको पाइन्छ । त्यसैगरी काउली, बन्दा, मुला, रायो, सिमी, काँका, फर्सी, करेला, आलु, गोलभेडा, भिन्डी, स्कुस लगायतका तरकारी व्यवसायिक रुपमा खेती गरिन्छ भने फलफुलमा सुन्तला, केरा व्यवसायिक रुपमा उत्पादन हुन्छ र आरुचा, कागती, नस्पाती, अम्बा, लिची, आँप, मेवा आदि सामान्य रुपमा उत्पादन हुन्छ । हालसम्म कृषक समुह संख्या २३ र कृषि सेवा केन्द्र नेपालटार र गोलवस्तीमा गरी ५ वटा रहेका छन् । कृषि क्षेत्रको विकासका लागी यस नगरपालिकामा रहेको सामुदायिक कृषि क्याम्पसले महत्वपूर्ण भूमिका खेलेको छ ।

### समस्या

कृषिको व्यावसायीकरण हुन नसक्नु, सिंचाईको अपर्याप्तता र विद्यमान सिंचाई आयोजना पूर्ण क्षमतामा उपयोग हुन नसक्नु, कृषकमा नयाँ प्रविधि, उन्नत बिउ/मल, जैविक तथा प्राङ्गारिक कृषि सम्बन्धी ज्ञान अपुग, कृषि सामाग्री र औजारको उचित वितरण तथा प्रयोगमा कमी, कृषक समूहको क्षमता अभिवृद्धि यथोचित नहुनु, बालीमा लाग्ने रोग व्यवस्थापन र सुधारिएका कृषि प्रणाली सम्बन्धी जानकारीको कमी, कृषि उपजको बजारीकरण र भण्डारणमा किसानको सामूहिक स्वामित्व हुन नसक्नु, उत्पादन, कृषि अनुसन्धान र कृषि प्रसार बीच समन्वयको कमी, प्रशोधन क्षमताको कमी एवम न्यून मूल्य अभिवृद्धि आदि प्रमख समस्या हुन् ।

### चुनौति

स्थानीय सरकार मातहतमा आएको कृषि प्रसार सेवालाई व्यवस्थापन र सदृढीकरण गर्न, कृषि सम्बन्धी अनुसन्धान संस्था एवम संरचना संघीय सरकारबाट प्राप्त गर्न, परम्परागत कृषि ज्ञानको पुर्नखोज गरी आधुनिकीकरण र उपयोग गर्न, जग्गाको चक्लाबन्दी गर्न, कृषिमा उपयुक्त यान्त्रिकीकरण र व्यावसायीकरण गर्न, कृषि सम्बन्धी संस्थाहरुको व्यवस्थापन गर्न, कृषि प्राविधिकको उपलब्धता सुनिश्चित गर्न, जंगली जनावरबाट बाली सुरिक्षत गर्न, कृषि बालीमा लाग्ने किरा तथा रोगको पहिचान गर्न,जैविक तथा प्राङ्गारिक कृषि प्रणालीको प्रवर्द्धन गर्न,खाद्यवस्तुको गुणस्तर कायम गर्न, हानिकारक कीटनाशक विषादी र रासायनिक मल र आनुवांशिक परिवर्तन गरिएका बाली वस्तु नियिन्त्रत गर्न, कृषि अनुदानलाई प्रतिस्पर्धी बजारको विकास हुने गरी उपयोग गर्न, कृषकले कृषि उत्पादनको सही मुल्य प्राप्त गर्नआदि प्रमुख चुनौती हुन् ।

### अवसर

दिगो विकास लक्ष्यमा खाद्य तथा पोषणको विषय समाविष्ट हुनु, कृषि उत्पादनको बढ्दो माग, बाली बस्तुका पकेट क्षेत्र, ब्लक क्षेत्र र सुपर जोनको बलियो आधार हुनु, वर्षभरी विविध कृषि उत्पादनको लागि मौसमी अनुकूलता, जैविक तथा प्राङ्गारिक खेती प्रति बढ्दो आकर्षण, युवा पुस्तामा आधुनिक खेतीप्रति आर्कषण बढ्दै जानु, कृषि क्षेत्र स्थानीय सरकारको कार्य क्षेत्रमा पर्नका साथै उच्च प्राथमिकतामा पर्नु, आन्तरिक तथा बाहय बजारमा निर्यातको अवसर हुनु, बढ्दो सडक संजाल, ज्ञान, सीप, पुँजी र उन्नत प्रविधिसहित वैदेशिक रोजगारीबाट फर्किएका युवा कृषि क्षेत्रमा आकर्षित हुनु तथा कृषि विषय अध्ययन गरेका युवालाई समेत व्यावसायिक कृषिमा परिचालन गर्न सकिने, उपयुक्त कृषि प्रविधिको प्रयोगको माध्यमद्वारा व्यवसायीकरण गरी उत्पादन, उत्पादकत्व र आयआर्जनका अवसरहरूलाई वृद्धि गर्न सकिनेआदि प्रमुख अवसर हुन् ।

### दीर्घकालिन सोच

### सोच

“दिगो कृषि विकास, समृद्ध इलाम नगर”

### लक्ष्य

निर्वाहमूखी खेती प्रणालीलाई आधुनिक माध्यमबाट व्यावसायिक एवम् प्रतिस्पर्धात्मक प्रणालीमा रुपान्तरण गर्ने ।

### उद्देश्य

१. प्रविधि विकास गर्दै कृषि प्रणालीलाई नाफामुलक, गुणस्तरीय, दिगो एवम् व्यावसायिक बनाउनु ।

२. प्राथमिकता पद्धत बाली र उच्च मूल्यका बाली उत्पादन गरि अनुसन्धान तथा उद्योगको माध्यमवाट रोजगार सृजना गर्नु ।

### रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १ प्रविधि विकास गर्दै कृषि प्रणालीलाई नाफामुलक, गुणस्तरिय, दिगो एवम् व्यवसायिक बनाउनु । | |
| १.१ भौगोलिक क्षेत्र र सम्भाव्यताका आधारमा खेतीयोग्य जमिनहरूमा प्रविधियुक्त सिंचाईको सुविधा उपलब्ध गराउने । | १.१.१ सिंचाईको सुविधा कम भएको र सतह सिंचाई कम हुने स्थानमा नयाँ प्रविधिमा आधारित सिंचाईको विस्तार गरिनेछ । |
| | १.१.२. लाभलागतको आधारमा लिफ्ट सिंचाई आयोजना सञ्चालन गरी सिंचाई सुविधाको विस्तार गरिनेछ । |
| १.२ कृषि तथा कृषिमा आधारित सेवालाई उद्योग क्षेत्रतर्फ आकर्षित गरी यस क्षेत्रमा संलग्न व्यक्तिहरूको आत्मसम्मान उच्च गराउने । | १.२.१ बजार प्रवर्द्धनका लागि APPSको माध्यमवाट बेच बिखन गरिनेछ । |
| | १.२.२ कृषक, पर्यटन व्यवसायी र स्थानीय तहको समन्वयमा स्थानीय गुणस्तरीय तथा अर्गानिक कृषि उत्पादनलाई पर्यटनसँग जोड्दै दिगो र आकर्षक कृषि पर्यटन प्रवर्द्धन गरिनेछ । |
| | १.२.३ आन्तरिक तथा बाह्य पर्यटक भित्रयाउन कृषि उपजहरुको बँगैचा स्थापना गरी |

| | |
|---|---|
| | आकर्षक बनाइनेछ । |
| | १.२.४ कृषि शिक्षालाई क्षमतावान बनाई १ वडा १० कृषि जनशक्ति उत्पादन गर्ने व्यवस्था गरिनेछ । |
| १.३ वातावरण मैत्री कृषि प्रविधिको विकास र प्रसार गरी खाद्य स्वच्छतामुखी उत्पादनलाई प्राथमिकता दिने । | १.३.१ पोषण सुरक्षाका निमित्त एक घर एक करेशावारीको नीति ल्याइनेछ । |
| | १.३.२ प्रांगारिक मल उत्पादन र वायोग्यास उत्पादन तालिम तथा कार्यक्रम गरिनेछ । |
| उद्देश्य २. २. प्राथमिकता पद्धत बाली र उच्च मूल्यका बाली उत्पादन गरि अनुसन्धान तथा उद्योगको माध्यमवाट रोजगार सृजना गर्नु । | |
| २.१ भूमिको वैज्ञानिक उपयोग तथा कृषक वर्गीकरण सहितको कृषि सम्बन्धी अनुसन्धान, नीति सेवा र पूर्वाधार विकास गर्ने । | २.१.१ कृषि अनुसन्धान केन्द्र मार्फत नया ज्ञान सिप र प्रविधिको विकास गरिनेछ । |
| | २.१.२ व्यवसायिक बनाउन एक घर एक कृषि उद्यमी नीति ल्याइनेछ । |
| | २.१.४ कृषि तथ्याङ्क प्रणालीलाई व्यवस्थित गरिनेछ । |
| | २.१.५ भू-उपयोग नीति अद्यावधिक गरिनेछ । |
| | २.१.६ कृषक वर्गीकरणको आधारमा अनुदान तथा अन्य सेवालाई उत्पादन लक्षित गरिनेछ । |
| | २.१.७ कृषि उपज बेच बिखन केन्द्र, चिस्यान केन्द्र, संकलन केन्द स्थापना र कृषि बजार व्यवस्थित गरिनेछ । |
| २.२ तुलनात्मक लाभ हुनसक्ने बाली तथा वस्तुको व्यावसायीकरण गर्ने । | २.२.१ निजी तथा सरकारी क्षेत्रको संलग्नता बढाउँदै करार सम्भौतामा आधारित सरकारी खेतीलाई प्राथमिकता दिइनेछ । |
| | २.२.२ सहुलियतपूर्ण कृषि ऋण, कृषि बीमालाई तुलनात्मक लाभ हुने बाली वस्तुहरूको लागि प्राथमिकता दिईनेछ । |
| | २.२.३ बाली उत्पादन क्षमता र स्थानीय सम्भाव्यताको आधारमा कृषि उत्पादन क्षेत्र ( पकेट, ब्लक) विकास गरिनेछ । |

**प्रमुख कार्यक्रम**

नगरपालिकाको बिषयगत समिति र शाखा प्रमुख सहितको छलफलवाट निम्नबमोजिम योजनाहरु प्राथमिकीकरण गरिएको छ ।

१. ईलाम सामुदायिक कृषि क्याम्पसमा कृषि अनुसन्धान केन्द्र स्थापना गर्ने ।

२. कृषि उपज बेच बिखन केन्द्र, चिस्यान केन्द्र, संकलन केन्द स्थापना र कृषि बजार व्यवस्थापन गर्ने ।

३. बाली उत्पादन क्षमता र स्थानीय सम्भाव्यताको आधारमा कृषि उत्पादन क्षेत्र (पकेट, ब्लक) विकास गर्ने ।

**विस्तृत कार्यक्रम**

| क्र.सं. | कार्यक्रम | सहकार्य गर्ने निकाय | | | |
|---|---|---|---|---|---|
| | | संघ | प्रदेश | स्थानीय तह | निजी क्षेत्र |
| १ | नयाँ प्रविधिमा आधारित सिंचाईको विस्तार | ✓ | ✓ | ✓ | ✓ |
| २ | बजार प्रवर्द्धनका लागि APPS को माध्यमवाट बेच बिखन | | | ✓ | |
| ३ | स्थानीय गुणस्तरीय तथा अर्गानिक कृषि उत्पादनलाई पर्यटनसँग जोड्दै दिगो र आकर्षक कृषि पर्यटन प्रवर्द्धन | | | ✓ | |
| ४ | आन्तरिक तथा बाह्य पर्यटक भित्रयाउन कृषि उपजहरुको बँगैचा स्थापना गरी आकर्षक बनाइनेछ | | | ✓ | |
| ५ | कृषि शिक्षालाई क्षमतावान बनाई १ वडा १० कृषि जनशक्ति उत्पादन गर्ने व्यवस्था | | ✓ | ✓ | |
| ६ | पोषण सुरक्षाका निमित्त एक घर एक करेशावारीको नीति | | | ✓ | |
| ७ | प्रांगारिक मल उत्पादन र वायोग्यास उत्पादन तालिम तथा कार्यक्रम | | | ✓ | |
| ८ | कृषि अनुसन्धान केन्द्र ( ईलाम सामुदायिक कृषि क्याम्पस) मार्फत नयाँ ज्ञान सिप र प्रविधि तथा पर्यटनको विकास | | ✓ | ✓ | |
| ९ | व्यावसायिक बनाउन एक घर एक कृषि उद्यमी नीति | | | ✓ | |
| १० | कृषि तथ्याङ्क प्रणालीको व्यवस्थापन | | | ✓ | |
| ११ | भू-उपयोग नीति अद्यावधिक | | | ✓ | |
| १२ | कृषक वर्गीकरणको आधारमा बिउ बिजन र उपकरणमा अनुदान तथा अन्य सेवालाई उत्पादन लक्षित गर्ने | | | ✓ | |
| १३ | कृषि उपज बेच बिखन केन्द्र, चिस्यान केन्द्र, संकलन केन्द स्थापना र कृषि बजार व्यवस्थापन | | ✓ | ✓ | |
| १४ | निजी तथा सरकारी क्षेत्रको संलग्नता बढाउँदै करार सम्भौतामा आधारित सरकारी खेतीलाई प्राथमिकता | | | ✓ | |
| १५ | सहुलियतपूर्ण कृषि ऋण, कृषि बीमालाई तुलनात्मक लाभ हुने बाली वस्तुहरूको लागि प्राथमिकता | | | ✓ | |

| | | | | | |
|---|---|---|---|---|---|
| १६ | बाली उत्पादन क्षमता र स्थानीय सम्भाव्यताको आधारमा कृषि उत्पादन क्षेत्र (पकेट, ब्लक) विकास | ✓ | ✓ | ✓ | |

**४.२ पशुपंक्षीपालन**

**विद्यमान अवस्था**

करिब ३५ प्रतिशत घरधुरीले पशुपालन गर्ने गरेकोमात्यसको ५५ प्रतिशत घरपरिवार व्यवसायिक रुपमा पशुपालनमा संलग्न रहेका छन् । पशुपालनको रुपमा सुँगुर, बगुँर, कुखुरा, बाखा, च्याङ्ग्रा, भेडा, भैंसी, गाई,माछापालन र मौरीपालन हुने गरेको देखिन्छ । यहाँ सक्रिय पशुपालन समूह २, व्यवसायिक पशुपालन फार्म ४३४ तथा४६ वटा माछा पोखरीरहेका छन् । त्यसैगरी दुध, मह, अण्डा, दुग्धजन्य पदार्थ जस्तै घिउ, नौनी, छुर्पी र पशुपंक्षीजन्य उत्पादन गर्ने गरेका छन् ।यहाँ क्रियाशिल पशु स्वास्थ्य कार्यकर्ता ३५ जना रहेका छन् भने नश्ल सुधार तथा उपचार केन्द्र १० वटा र पशु सेवा केन्द्र ५ वटा रहेको छ ।

**समस्या**

पशुपंक्षीमा लाग्ने रोग व्यवस्थापन र सुधारिएका प्रणाली सम्बन्धी जानकारीको कमी, पशुपंक्षी बजारीकरण र भण्डारणमा किसानको सामूहिक स्वामित्व हुन नसक्नु, उत्पादन, अनुसन्धान र प्रसार वीच समन्वयको कमी, बजारीकरण र पशुपक्षी पालनको निमित्त आवश्यक उन्नत नस्ल, रोग र महामारीको रोकथाम एवम पशु व्यवस्थापन सम्बन्धी उचित ज्ञानको कमी, पशु र मत्स्यपालनमा उपयुक्त यान्त्रिकीकरण र व्यावसायीकरण गर्नु आदि प्रमख समस्या हुन् ।

**चुनौति**

पशु प्राविधिकको उपलब्धता सुनिश्चित गर्न, पशुपंक्षीपालन सम्बन्धी संस्थागत तथा संरचनागत व्यवस्था गर्न, स्थानीय सरकारको मातहतमा आएको कृषि प्रसार सेवालाई व्यवस्थापन र सदृढीकरण गर्न, परम्परागत पशुपंक्षीपालन ज्ञानको पुर्नखोज गरी आधुनिकीकरण र उपयोग गर्न, अन्तर-सरकार समन्वय प्रभावकारी बनाउन, पशुपंक्षीपालनमा उपयुक्त व्यावसायीकरण गर्न, कृषि अनुदानलाई प्रतिस्पर्धी बजारको विकास हुने गरी उपयोग गर्न, पशुपंक्षीमा देखिने किरा तथा रोगको पहिचान तथा नियन्त्रण गर्न आदि प्रमुख चुनौती हुन् ।

**अवसर**

मासुजन्य र दुग्ध उत्पादनको बढ्दो माग हुनु, माछा उत्पादनमा कृषकहरुको आकर्षण हुनु, दुग्ध क्षेत्रलाई औद्योगिक चरणमा समावेश गराई इलामलाई सेतो सहरको रुपमा विकास गर्न, पशुपालनका पकेट क्षेत्र र सुपर जोनको बलियो आधार हुनु, युवा पुस्तामा आधुनिक पशुपंक्षीपालन प्रति आर्कषण बढ्दै जानु, आन्तरिक तथा बाहृय बजारमा नियार्तको अवसर हनु, बढ्दो सडक संजाल, ज्ञान, सीप, पुँजी र उन्नत प्रविधिसहित वैदेशिक रोजगारीबाट फर्किएका यवा पशुपंक्षीपालन क्षेत्रमा आकर्षित हुनु, उपयुक्त पशुपंक्षीपालन व्यवसायमा प्रविधिको प्रयोगबढ्दै जानु तथा हरेक व्यवसायलाई व्यवसायिक ढङ्गले काम गर्ने संस्कार विकास हुँदै जानु आदि प्रमुख अवसर हुन् ।

**दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य**

**सोच**

“पशुपंक्षी तथा मत्स्यजन्य उत्पादनमा वृद्धि, नगरको समद्धि ”

**लक्ष्य**

औद्योगीकरण सहितको पर्यटनमैत्री व्यवसायीक पशुपंक्षी तथा मत्स्यपालनतर्फ उन्मुख गर्ने ।

**उद्देश्य**

१. पशुपंक्षी तथा मत्स्यपालन व्यवसायलाई प्रविधियुक्त, परिणाममुखी, व्यावसायिक र प्रतिस्पर्धी बनाउनु ।

२. पशुपंक्षी तथा मत्स्यपालनलाई स्वरोजगारको माध्यमका रूपमा विकसित गर्दै आयआर्जनको दिगो स्रोतको रूपमा विकास गर्नु ।

**रणनीति र कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १. पशुपंक्षी तथा मत्स्यपालन व्यवसायलाई प्रविधियुक्त, परिणाममुखी, व्यावसायिक र प्रतिस्पर्धी बनाउनु । | |
| १.१ पशुपंक्षी तथा मत्स्यजन्य खाद्य वस्तुको उत्पादन र उत्पादकत्वमा बृद्धि गरी आत्मनिर्भर बनाउने । | १.१.१ पशुपंक्षी तथा मत्स्यपालन व्यवसायलाई व्यवस्थित बनाउन नीतिगत व्यवस्था गरिनेछ । |
| | १.१.२ एक वडा एक पशुपंक्षी/मत्स्य पकेट क्षेत्र विकास गरी उत्पादनमा जोड दिईनेछ । |
| | १.१.३ निजी क्षेत्रलाई पशुदाना उत्पादन गर्ने कारखाना खोल्न प्रोत्साहन गरिनेछ । |
| | १.१.४ डालेघाँस प्रवर्द्धन कार्यक्रमको विकास गरिनेछ । |
| १.२ पशुपंक्षी तथा मत्स्यजन्य उत्पादन र उत्पादकत्व बृद्धि गर्न प्रविधि, प्राविधिक तथा वित्तीयसेवा उपलब्ध गराउने । | १.२.१ पशु पंक्षिको स्वास्थ्य परिक्षणको लागि भेटनेरी क्लिनीक निर्माण गरिनेछ । |
| | १.२.२ कृतिम तथा प्राकृतिक गर्भाधान सेवा विस्तार गरी उन्नत नश्लका पशुको संख्या बृद्धि गरिनेछ । |
| | १.२.३ पशु बिमा कार्यक्रमलाई निरन्तरता दिइनेछ । |
| | १.२.४ पशुपंक्षीतथा मत्स्यजन्य वस्तुको वजारीकरणका लागि उत्पादनकर्तालाई अनुदान कार्यक्रम सञ्चालन गरिनेछ । |
| उद्देश्य २. पशुपंक्षी तथा मत्स्यपालनलाई स्वरोजगारको माध्यमका रूपमा विकसित गर्दै आयआर्जनको दिगो स्रोतको रूपमा विकास गर्नु । | |
| २.१ पशुपंक्षी तथा मत्स्यपालन क्षेत्रमा निजी, सहकारी तथा सरकारी क्षेत्रको लगानी अभिबृद्धि गर्ने । | २.१.१ दूध, मासु, माछा जस्ता उच्च मूल्यका निर्यातमूलक पशुपंक्षीजन्य पदार्थमा आधारित उद्योग प्रवर्द्धन गरिनेछ । |

| | |
|---|---|
| | २.१.२ सम्भावित पशुजन्य उत्पादनहरूको पहिचान एवम् उत्पादन बृद्धि गरी उक्त उत्पादनको ब्रान्ड प्रवर्द्धन गरिनेछ । |
| | २.१.३ पशुपंक्षी तथा मत्स्यपालन क्षेत्रमा निजी, सहकारी तथा सरकारी क्षेत्रको लगानी अभिबृद्धि गर्ने नीति तथा कार्यक्रम लागू गरिनेछ । |
| २.२ पशुपंक्षीतथा मत्स्यजन्य उत्पादनको बजार संरचना, सूचना प्रणाली र अन्य पूर्वाधारको विकास तथा सुधार गर्ने । | २.२.१ पशुपंक्षीको जात विशेष नमुना उत्पादन, तालिम, प्रशोधन र प्रदर्शन स्रोत केन्द्रहरूको विकास गरिनेछ । |
| | २.२.२ सञ्चालनमा रहेका सरकारी पशुपंक्षी तथा मत्स्य फार्म थप गर्ने तथा चुस्त प्रविधियुक्त व्यवस्थापन सहित स्तरोन्नति गर्दै लगिने छ । |

**प्रमुख कार्यक्रम**

नगरपालिकाको बिषयगत समिति र शाखा प्रमुख सहितको छलफलवाट निम्नबमोजिम योजनाहरु प्राथमिकीकरण गरिएको छ ।

१. एक वडा एक पशुपंक्षी/मत्स्य पकेट क्षेत्र विकास गरी उत्पादनमा जोड दिने ।

२. पशु पंक्षिको स्वास्थ्य परिक्षणको लागि भेटनेरी क्लिनीक निर्माण गर्ने ।

३. पशुपंक्षीको जात विशेष नमुना उत्पादन, तालिम, प्रशोधन र प्रदर्शन स्रोत केन्द्रहरूको विकास गर्ने ।

**विस्तृत कार्यक्रम**

| क्र | कार्यक्रम | सहकार्य गर्ने निकाय | | | |
|---|---|---|---|---|---|
| | | संघ | प्रदेश | स्थानीय तह | निजी क्षेत्र |
| १ | पशुपंक्षी तथा मत्स्यपालन व्यवसायलाई व्यवस्थित बनाउन नीतिगत व्यवस्था | | | ✓ | |
| २ | एक वडा एक पशुपंक्षी/मत्स्य पकेट क्षेत्र विकास गरी उत्पादनमा जोड | | ✓ | ✓ | ✓ |
| ३ | निजी क्षेत्रलाई पशुदाना उत्पादन गर्ने कारखाना खोल्न प्रोत्साहन | | | ✓ | ✓ |
| ४ | डालेघाँस प्रवर्द्धन कार्यक्रमको विकास | | | ✓ | |
| ५ | पशु पंक्षिको स्वास्थ्य परिक्षणको लागि भेटनेरी क्लिनीक निर्माण | ✓ | ✓ | ✓ | |
| ६ | कृतिम तथा प्राकृतिक गर्भाधान सेवा विस्तार | | ✓ | ✓ | |
| ७ | पशु बिमा कार्यक्रमलाई निरन्तरता | | | ✓ | |
| ८ | पशुपंक्षीतथा मत्स्यजन्य वस्तुको वजारीकरणका लागि उत्पादनकर्तालाई अनुदान कार्यक्रम | | | ✓ | |
| १० | दूध, मासु, माछा जस्ता उच्च मूल्यका निर्यातमूलक पशुपंक्षीजन्य पदार्थमा आधारित उद्योग प्रवर्द्धन | | | ✓ | ✓ |
| ११ | सम्भावित पशुजन्य उत्पादनहरूको पहिचान एवम् उत्पादन वृद्धि गरी उक्त उत्पादनको ब्रान्ड प्रवर्द्धन | | | ✓ | ✓ |
| १२ | पशुपंक्षी तथा मत्स्यपालन क्षेत्रमा निजी, सहकारी तथा सरकारी क्षेत्रको लगानी अभिबृद्धि गर्ने नीति तथा कार्यक्रम | | | ✓ | |
| १३ | पशुपंक्षीको जात विशेष नमुना उत्पादन, तालिम, प्रशोधन र प्रदर्शन स्रोत केन्द्रहरूको विकास | | ✓ | ✓ | |
| १४ | सञ्चालनमा रहेका सरकारी पशुपंक्षी तथा मत्स्य फार्म थप गर्ने तथा चुस्त प्रविधियुक्त व्यवस्थापन सहित स्तरोन्नति | | | ✓ | |

**आज्ञाले,**

गणेश कुमार खड्का

प्रमुख प्रशासकीय अधिकृत